# दंगीशरण गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

हेकुली, दाङ
**लुम्बिनी प्रदेश, नेपाल**

**नदिजन्य पदार्थको विक्रिका लागि शिलवन्दि दरभाउपत्र आव्हान सम्वन्धी सूचना।**

**तेस्रो पटक सूचना प्रकाशन मिति २०८१/१०/३०**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) र यस दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा १२ को व्यवस्था वमोजिम तपसिलमा उल्लेखित नदिहरुको स्विकृत घाटवाट निर्धारित मापदण्ड वमोजिम नदिजन्य पदार्थ उत्खनन् गरी प्रदेश कानुनले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आ.व २०८०/८१ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तपसिल वमोजिमको शर्तको अधिनमा रही दरभाउपत्र प्रकृयामा सूचना प्रकाशनको मितिले ७ औ दिनभित्र दरभाउपत्र फारम खरिद गरि ८ औ दिनको दिउँसो १२ वजे भित्र शिलवन्दी दरभाउपत्र पेस गर्न हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

आन्तरिक आय ठेक्का विवरण

| क्र.स | सूचना नं/दरभाउपत्र नं | दरभाउपत्रको नाम | उत्खनन् परिमाण (घन फिटमा) | आ.व २०८१/८२ को नदिजन्य पदार्थको विक्रि शुल्क दर घन.फि, | आ.व २०८१/८२ को न्युनतम दरभाउपत्र रकम ( सेवा शुल्क र मू.अ.कर वाहेक) | धरौटि रकम | दरभाउपत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|---|
| १ | 1-DRM/SQ/2081/82 | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने कुइरीगनार क्षेत्रमा ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल आदि (स्विकृत खानी क्षेत्र वाहेक) | ८८९९३.८ | ८ | ७११९५०.४ | कवोलको ५% | १००० |
| २ | २-DRM/SQ/2081/82 | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने वारवदिया क्षेत्रमा ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल आदि (स्विकृत खानी क्षेत्र वाहेक) | ८८२८७.५ | ८ | ७०६३०० | कवोलको ५% | १००० |
| ३ | 5-DRM/SQ/2081/82 | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने सिमठाना ववई घाट (१) क्षेत्रमा ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल आदि (स्विकृत खानी क्षेत्र वाहेक) | १३३३४९.४४ | ८ | १०६६७९५.५२ | कवोलको ५% | १००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | 8-DRM/SQ/2081/82 | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने माया दोभान क्षेत्रमा ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल आदि (स्विकृत खानी क्षेत्र वाहेक) | १५८९१७.५ | ८ | १२७१३४० | कवोलको ५% | १००० |

<u>ठेक्का सम्वन्धी शर्तहरु:</u>

१.फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व २०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, दरभाउपत्र फारम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा कुमारी वैंक लिमिटेड दंगीशरण शाखाको यस कार्यालयको नाममा रहेको ग-१-१ आन्तरिक राजस्व खाता नं २५२०२४७०५२०००१० मा नगद जम्मा गरेको नगद भौचरसाथ निवेदन पेस गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ८ औ दिनको १२ वजे सम्म दरभाउपत्र पेस गर्ने चाहने दरभाउपत्रदाताले दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा पेस गरि सक्नु पर्नेछ।पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिनमा तत् तत् कार्य हुनेछ।

२. दरभाउपत्र सम्वन्धी फारम भर्दा कवोल रकम अक्षर र अंकमा स्टष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफूले कवोल गरेको ५% को दरले हुन आउने धरौटि रकम यस कार्यालयको नाममा कुमारी वैंक लिमिटेड दंगीशरण शाखाको ग-३ धरौटी खाता नं २५२०२४७०५२००००३ मा जम्मा गरी सोको सक्कल वेंक भौचर वा नेपाल सरकारको मान्यता प्राप्त क वर्गको वाणिज्य वैंक यस कार्यालयको नाममा दरभाउपत्र नं र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको विड वन्ड समेत निवेदन साथ पेश गर्नु पर्नेछ।

३.खरिद गरेको दरभाउपत्र फरमहरुमा उल्लेख भएका सवै विवरणहरु भरी दरपत्रदाताले प्रत्येक पानामा सही छाप र फर्मको नाम, ठेगाना, कामको विवरण, दरभाउपत्र विवरण प्रोपराईटरको नाम, ठेगाना, फोन नं. मोवाईल नं समेत स्पष्ट खुलाई फर्मको छाप लागाई तेस्रो पटक सूचना प्रकाशन भएको मितिले ८ औ दिनको १२ वजे भित्र दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा पेस गरि सक्नु पर्नेछ।पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिनमा तत् तत् कार्य हुनेछ।

४.एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाईने छैन। रितपुर्वक पर्न आएका दरभाउपत्र सम्वन्धी कागजातहरु पेस गर्ने अन्तिम दिनको २ वजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिदिहुरको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न वाधा पर्ने छैन।

५.दरभाउपत्र सम्वन्धी विस्तृत जानकारी दरभाउपत्र सम्वन्धि फारममा उल्लेख गरिएको गुँदा सोही पुस्तिकावाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रित नपुगी वा शर्त सहित पेस हुन आएका दरभाउपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधार यस कार्यालयमा सुरक्षित हरनेछ।

६.दरभाउपत्र स्विकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिन भित्र मू.अ कर दर्ता प्रमाणपत्र समेत लिई कवोल अङ्कको प्रथम किस्ता वापत ५०% ले हुने रकम अनिवार्य वुझाउनुपर्नेछ। दोस्रो किस्ता वापतको ५०% ले हुने रकम नेपाल राष्ट्र वैंकवाट ईजाजत प्राप्त क वर्गको वाणिज्य वैंकवाट यस कार्यालयको नाममा मिति २०८२ असार मसान्त सम्म म्याद सहित जारी गरिएको वैंक ग्यारेन्टी ( परफरमेन्स वण्ड) समेत पेस गरी पट्टा उठाउनु पर्नेछ। साथै दरभाउपत्र कवोल गर्ने व्यक्ति वा फर्मले आफूले कवोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा वुझाउनु पर्नेछ। नियममानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर दरभाउपत्रदाताले छुट्टै वुझाउनुपर्नेछ।

७.तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार दरभाउपत्र वन्दोवस्त गरेनेछ। यस गाउँपालिकाको नदी तथआ नदीहरुको गत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्थमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्वन्धित स्थानीय तहवाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड र लुम्बिनी प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ वमोजिम हुनेछ। साथै यस कार्यालयवाट गरिएको वातावरणिय अध्ययन प्रतिवेदन यस दरभाउपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ।

८. माथी उल्लेखित ठेक्काहरुको लागि रु १००० (एक हजार) फिर्ता नहुने गरी दरभाउपत्र फारम खरिद गरी पेश गर्नुपर्नेछ।

९. ठेक्का अवधि सामान्यतया आ.व २०८१/८२ को जेठ मसान्त सम्म कायम रहनेछ तर ठेक्कामा उक्त अवधि भन्दा अगावै तोकिएको परिमाणमा उत्खनन गरेको खण्डमा उक्त अवधी कम पनि हुन सक्नेछ। साथै परिमाणका आधारमा ठेक्का सम्झौता हने भएकाले वन्द हडताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ति दावि गर्न पाईने छैन।

१०. उत्खनन स्थलवाट अनिवार्य रुपमा स्वीकृत परिमाणको नदिजन्य पदार्थ घाटगद्धि गरी प्रमाणित गराई विक्रि गर्नु पर्नेछ। उत्खनन् स्थलमा उत्खनन् को क्रममा डोजर, स्काभेटर, लोडर जस्ता हेभी ईक्यूमेन्ट दंगीशरणगाउँकार्यपालिकाको अनुमति वेगर प्रयोग गर्न पाईने छैन।

११.IEE प्रतिवेदनले निषेध गरेको अवधीमा नदी क्षेत्रवाट सामाग्री उत्खनन् गर्न पाईने न तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्रि तथा निकासि गर्न सकिनेछ।

१२.यस सूचनामा उल्लेख भएका अतिरिक्त दरभाउपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्वन्धी अन्य सर्तहरुका प्रत्येक वुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ।

१३.यस सूचना तथा दरभाउपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका दरभाउपत्रहरु मुल्याङ्कनमा समावेध गरिने छैन।

१४. यस सूचना प्रकाशित गरेपछि लुम्विनी प्रदेश सरकारवाट दररेटमा कुनै फेरवदल गरेको खण्डमा कवोल अंकमा पनि सोही अनुसार समायोजन हुनेछ।

१५. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून वमोजिम हुनेछ।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत